प्रधान कार्यालय
काठमाडौं

# नेपाल पारवहन तथा गोदाम व्यव्था कम्पनी लिमिटेड

## लगानी तथा साझेदारी विनियमावली, २०८१

विधेयकको प्रकृति: विनियमावली
दर्ता नम्बर: ४/०८२
दर्ता मिति: २०८२/०१/०८
(कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय)

नेपाल पारवहन तथा गोदाम व्यवस्था कं. लि. प्रधान कार्यालय काठमाडौं स्थापित २०२८

# नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेड
# लगानी साझेदारी विनियमावली, २०८१

सञ्चालक समितिबाट स्वीकृत मितिः २०८१/१०/०४

प्रस्तावनाः कम्पनीले संघीय सरकार, प्रदेश सरकार र स्थानीय तह वा निजी क्षेत्र समेतको साझेदारीमा पूर्वाधार संरचना निर्माण, कम्पनीद्वारा प्रवाह गरिने सेवाको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आयोजनाको आवश्यकता पहिचान, परियोजना विकास, निर्माण, सञ्चालन र कार्यान्वयन गर्न वाञ्छनीय भएकोले,

कम्पनीको प्रवन्धपत्रको ३ (ध) मा उल्लिखित उद्देश्य पूरा गर्न नियमावलीको नियम ६५ को खण्ड (द) ले दिएको अधिकार प्रयोग गरी सञ्चालक समितिले यो विनियमावली बनाएको छ ।

## परिच्छेद — १
## प्रारम्भिक

१. **नाम र प्रारम्भः** (१) यस विनियमावलीको नाम लगानी साझेदारी विनियमावली, २०८१ रहेको छ ।

(२) यो विनियमावली समितिबाट स्वीकृत भए पश्चात प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विनियमावलीमा-

(क) "सेवाग्राही" भन्नाले यस विनियमावली बमोजिम लगानी साझेदारीमा निर्माण भएको पूर्वाधार संरचना तथा परियोजनाबाट सञ्चालित सेवा, सुविधा उपभोग वा उपयोग गर्ने व्यक्ति वा निकाय सम्झनु पर्छ ।

(ख) "कम्पनी" भन्नाले नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेड सम्झनु पर्छ ।

(ग) "परियोजना" भन्नाले यस विनियमावली बमोजिम लगानी साझेदारीमा कार्यान्वयन गरिने पूर्वाधार संरचना सम्बन्धी परियोजना सम्झनु पर्छ ।

(घ) "पूर्वाधार संरचना" भन्नाले विनियम ३ बमोजिमका पूर्वाधार संरचना सम्झनु पर्छ र सो शब्दले यस्तै प्रकृतिका अन्य पूर्वाधार संरचनालाई समेत जनाउँछ ।

(ङ) "महाप्रबन्धक" भन्नाले कम्पनीको महाप्रबन्धक सम्झनु पर्छ ।

(च) "निर्माण" भन्नाले पूर्वाधार संरचनाको निर्माण, विकास, सञ्चालन वा मर्मत सम्भार, पुनर्स्थापना वा पुनर्निर्माण कार्य सम्झनु पर्छ ।

(छ) "लगानी" भन्नाले यस विनियमावली बमोजिम ऋण वा स्वपूँजी वा पुनर्लगानी वा यस्तै प्रकारका वित्तीय उपकरणहरू मार्फत परियोजनामा गरिने पूँजी प्रवाह सम्झनु पर्छ ।

(ज) "लगानीकर्ता" भन्नाले यस विनियमावली बमोजिम परियोजनामा लगानी गरेको वा लगानी गर्न इच्छुक फर्म, कम्पनी वा व्यक्ति सम्झनु पर्छ र सो शब्दले परियोजनाको अध्ययन, विकास निर्माण वा सञ्चालन गर्ने फर्म, कम्पनी वा व्यक्तिलाई समेत जनाउँछ।

(झ) "सम्झौता" भन्नाले परियोजना कार्यान्वयन गर्न कम्पनी र लगानीकर्ताबीच भएको परियोजना विकास सम्झौता, परियोजना लगानी सम्झौता सुविधा सम्झौता (कन्सेसन एग्रिमेन्ट) वा अन्य यस्तै प्रकारका सम्झौता सम्झनु पर्छ ।

(ञ) "समिति" भन्नाले कम्पनीको सञ्चालक समिति सम्झनु पर्छ।

(ट) "सर्वेक्षण" भन्नाले परियोजना कार्यान्वयन गर्नको लागि गरिने प्रारम्भिक अध्ययन, सम्भाव्यता अध्ययन, वातावरणीय अध्ययन, विस्तृत सम्भाव्यता अध्ययन तथा विस्तृत परियोजना प्रतिवेदन वा अन्य यस्तै प्रकारका अनुसन्धान वा अन्वेषण सम्बन्धी कार्य सम्झनु पर्छ ।

(ठ) "लगानी साझेदारी" भन्नाले कम्पनी र लगानीकर्ता बीच स्रोत वा प्रतिफल बाँडफाँट तथा जोखिम व्यहोर्ने गरी आपसी सहकार्यमा पूर्वाधार संरचना निर्माण, सञ्चालन, पुर्नस्थापना वा सार्वजनिक सेवा प्रवाह गर्न विनियम ४ मा उल्लेख भए मध्ये कुनै तरिकाबाट परियोजना कार्यान्वयन गर्ने प्रबन्ध सम्झनु पर्छ ।

## परिच्छेद - २
## परियोजना कार्यान्वयन र तरिका

३. **परियोजना कार्यान्वयनः** यस विनियमावली बमोजिम देहायका कुनै परियोजना लगानी साझेदारीमा कार्यान्वयन गर्न सकिनेछः-

(क) गोदाम, यार्ड, पाइपलाइन लगायतका संरचना निर्माण तथा सञ्चालन,

(ख) क्लियरिङ्ग र फरवार्डिङ्ग सेवा सञ्चालन

(ग) अन्डरटेकिङ्ग सेवा,

(घ) कन्टेनर, ट्रक, लरी, जहाज, फ्लाटबेड तथा उपयुक्त देखिएका अन्य बहुविधिक ढुवानी साधन सञ्चालन तथा व्यवस्थापन,

(ङ) सङ्घ, प्रदेश तथा स्थानीय तहका सरकार, विदेशी सरकारहरुको जग्गा भाडामा लिई गोदाम, यार्ड र आयात तथा निर्यातलाई सहयोग हुने अन्य भौतिक संरचना निर्माण गर्ने र सञ्चालन गर्ने,

(च) आयात तथा निर्यात सहजीकरणका लागि ट्र्याकिङ्ग सिस्टम तथा सूचना प्रविधिको अध्ययन, विकास तथा सञ्चालन गर्ने,

(छ) प्याकेजिङ्ग सेवा सञ्चालन,

(ज) कन्टेनर फ्रेट स्टेसन निर्माण तथा सञ्चालन,

(झ) कार्गो कन्सोलिडेसन सेवा सञ्चालन,

(ञ) लजिस्टिक पार्क निर्माण तथा सञ्चालन,

(ट) क्लियरिङ्ग र फरवार्डिङ्ग सम्बन्धी विडिङ्ग प्रणाली निर्माण तथा सञ्चालन,

(ठ) कृषि आपूर्ति श्रृङ्खला सुदृढीकरणका लागि जमिन तथा संरचना भाडामा वा लिजमा प्राप्त गरी व्यापार पूर्वाधार निर्माण तथा सञ्चालन, र

(ड) लजिष्टिक तथा व्यवस्थापनसँग सम्बन्धित सबै कार्य ।

४. <u>परियोजना कार्यान्वयन तरिका:</u> (१) यस विनियमावली बमोजिम कम्पनीले विनियम ३ मा उल्लिखित परियोजना निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्दा देहायको कुनै तरिका अपनाउन सकिनेछः-

(क) निर्माण तथा हस्तान्तरण,

(ख) निर्माण, सञ्चालन तथा हस्तान्तरण,

(ग) निर्माण, हस्तान्तरण तथा सञ्चालन,

(घ) लिज, सञ्चालन र हस्तान्तरण,

(ङ) लिज, निर्माण, सञ्चालन र हस्तान्तरण,

(च) अवधारणा विकास, सञ्चालन र हस्तान्तरण,

(छ) सञ्चालन तथा व्यवस्थापन र हस्तान्तरण,

(ज) मर्मत सम्भार, सञ्चालन र हस्तान्तरण,

(ञ) बजारीकरण करार, र

(ट) विशेषज्ञ सेवा करार ।

५. <u>प्राथमिकता निर्धारण:</u> लगानी साझेदारीबाट गरिने परियोजनाको प्राथमिकता देहाय बमोजिमको हुनेछः

(क) कम्पनीको व्यवसायिक वा प्राविधिक क्षमता बढ्ने,

(ख) अन्तर्राष्ट्रिय व्यापारमा सहजीकरण,

(ग) निर्यात प्रवर्द्धन, र

(घ) आपूर्ति श्रृङ्खला सुदृढीकरण ।

## परिच्छेद-३

## परियोजना पहिचान र स्वीकृति

६. **परियोजना पहिचानः** (१) लगानी साझेदारीमा कार्यान्वयन गर्न सकिने परियोजना पहिचान गरी सूची तयार गर्नु पर्नेछ ।

(२) उपविनियम (१) बमोजिमको सूची तयार गर्दा देहायका विवरण समेत खुलाउनु पर्नेछः-

(क) परियोजनाको नाम,

(ख) नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहको नीति, आवधिक योजना, वार्षिक कार्यक्रमको प्राथमिकता,

(ग) कम्पनीको वार्षिक कार्यक्रम एवं प्राथमिकतामा परियोजना परेको विवरण,

(घ) परियोजना कार्यान्वयन हुने विनियम ४ बमोजिमको तरिका र सोको आधार,

(ङ) परियोजना कार्यान्वयनको कार्यतालिका,

(च) परियोजना लगानी साझेदारीमा कार्यान्वयन हुन सक्ने आधार,

(छ) परियोजनाको सर्वेक्षण भए वा नभएको,

(ज) परियोजनाको अनुमानित लागत,

(झ) परियोजनाको सर्वेक्षण भई कार्यान्वयन चरणमा रहेको र कुनै कारणले कार्य सम्पन्न हुन नसकेको भए सोको यथार्थ विवरण र अवस्था,

(ञ) आर्थिक, सामाजिक तथा वातावरणीय प्रभाव सम्बन्धी प्रारम्भिक विवरण, र

(ट) खुलाउन आवश्यक अन्य विवरण ।

७. **परियोजना स्वीकृत गराउनु पर्नेः** (१) विनियम ६ बमोजिम पहिचान गरी सूचीकृत गरिएका परियोजना कार्यान्वयन गर्दा समितिबाट स्वीकृत गराउनु पर्नेछ ।

## परिच्छेद-४

## आशयपत्र आव्हान, छनौट र स्वीकृति

८. **आशयपत्र आह्वान गर्नेः** (१) समितिबाट स्वीकृत परियोजनाको अध्ययन-अनुमति, सर्वेक्षण वा कार्यान्वयनका लागि कम्पनीले कम्तीमा एक्काइस दिनको अवधि दिई अनुसूची-१ बमोजिमको ढाँचामा सार्वजनिक सूचना प्रकाशन गरी आशयपत्र आह्वान गर्नु पर्नेछ ।

(२) उपविनियम (१) बमोजिमको सूचनामा देहायका विवरण खुलाउनु पर्नेछः-

(क) आशयपत्र पेस गर्ने स्थान,

(ख) आशयपत्र पेस गर्ने अवधि,

(ग) विनियम ९ बमोजिमको विवरण,

(घ) आशयपत्र साथ संलग्न गर्नुपर्ने कागजात,

(ङ) आशयपत्र छनौट हुने आधार,

(च) आशयपत्रमा निर्णय हुने समय, र

(छ) विद्युतीय माध्यमबाट पेस गर्न सक्ने कागजात वा विवरण।

(३) उपविनियम (१) बमोजिम आशयपत्र आह्वान गर्नु पूर्व आशयपत्र आह्वान सम्बन्धी कागजात तयार गरी महाप्रबन्धक वा निजले तोकेको अधिकृतले हस्ताक्षर गरी प्रमाणित गर्नु पर्नेछ ।

९. __आशयपत्र पेस गर्ने:__ (१) विनियम ८ बमोजिमको सूचनाको अवधिभित्र परियोजनाको अध्ययन-अनुमति, सर्वेक्षण वा कार्यान्वयन गर्न चाहने लगानीकर्ताले देहाय बमोजिमको विवरण खुलाइ आशयपत्र पेस गर्नु पर्नेछ ।

(क) आशयपत्र पेस गर्ने व्यक्ति, कम्पनी वा संस्थाको विवरण,

(ख) परियोजना कार्यान्वयन गर्न सक्ने वित्तीय तथा प्राविधिक क्षमता एवं दक्षता,

(ग) परियोजना कार्यान्वयनको व्यावसायिक योजना, र

(घ) आवश्यक अन्य विवरण।

(२) उपविनियम (१) बमोजिम आशयपत्र पेस गर्दा लगानीकर्ताले तोकिए बमोजिमको दस्तुर कम्पनीले तोकेको बैंक खातामा जम्मा गरी सोको निस्सा समेत पेस गर्नु पर्नेछ ।

१०. __आशयपत्र खोल्ने:__ विनियम ९ बमोजिम पेस भई दर्ता भएका आशयपत्र सम्बन्धित लगानीकर्ता वा निजको प्रतिनिधिको रोहबरमा आशयपत्र आह्वान सम्बन्धी सूचनामा तोकिएको मिति, समय र स्थानमा खोली मुचुल्का गरी मूल्याङ्कनका लागि पेस गर्नु पर्नेछ ।

तर सम्बन्धित लगानीकर्ता वा निजको प्रतिनिधि आशयपत्र आह्वान सम्बन्धी सूचनामा तोकिएको मिति, समय र स्थानमा उपस्थित नभएमा सोही व्यहोरा खुलाइ आशयपत्र खोलि मूल्याङ्कनका लागि पेस गर्न बाधा पर्ने छैन ।

११. __आशयपत्रको मूल्याङ्कन तथा छनौट:__ (१) विनियम ९ बमोजिम प्राप्त भएका आशयपत्रको मूल्याङ्कन विनियम १५ बमोजिमको प्रस्ताव मूल्याङ्कन समितिले गर्नेछ ।

(२) उपविनियम (१) बमोजिम मूल्याङ्कन प्रयोजनको लागि एक सय अङ्कमा नबढ्ने गरी देहाय बमोजिम अङ्कभार विभाजन गरी अङ्क दिइनेछः-

(क) प्राविधिक प्रस्ताव बापत सत्तरी अङ्क,

(ख) आर्थिक प्रस्ताव बापत तिस अङ्क ।

(३) उपविनियम (२) बमोजिम अङ्क दिँदा अनुसूची-२ मा उल्लिखित विवरणका आधारमा दिइनेछ ।

(४) उपविनियम (३) बमोजिम मूल्याङ्कन गर्दा मूल्याङ्कन समितिले साठी प्रतिशत वा सोभन्दा बढी अङ्क प्राप्त गर्ने मध्येबाट अधिकतम अङ्क प्राप्त गर्ने आशयपत्रदाताको संक्षिप्त सूची तयार गरी छनौटको लागि सिफारिस सहितको प्रतिवेदन महाप्रबन्धक समक्ष पेस गर्नु पर्नेछ ।

(५) उपविनियम (४) बमोजिम पेस गरिएको संक्षिप्त सूची महाप्रबन्धकले स्वीकृत गर्नु पर्नेछ ।

१२. <u>संक्षिप्त सूची प्रकाशन</u>: (१) विनियम ११ बमोजिम स्वीकृत भएको संक्षिप्त सूची कम्पनीको वेभसाइटमा प्रकाशन गरिनेछ ।

(२) उपविनियम (१) बमोजिम संक्षिप्त सूची प्रकाशन भएको सात दिनभित्र सूचीमा परेका लगानीकर्तालाई सोको जानकारी दिइनेछ ।

## परिच्छेद-५

## प्रस्ताव आह्वान, छनौट र स्वीकृति

१३. <u>प्रस्ताव आह्वान गर्ने</u>: (१) विनियम १२ बमोजिमको संक्षिप्त सूचीमा समावेश भएका लगानीकर्ताबाट प्रतिस्पर्धाका आधारमा परियोजना कार्यान्वयन गर्ने सम्बन्धमा देहायका कुरा खुलाई कम्तीमा एक्काइस दिनको म्याद दिई अङ्ग्रेजी वा नेपाली भाषामा राष्ट्रियस्तरका दैनिक पत्रिका र कम्पनीको वेभसाइटमा प्रस्ताव आह्वानको सूचना प्रकाशन गर्नु पर्नेछ ।

(क) प्रस्ताव सम्बन्धी कागजात उपलब्ध हुने निकाय,

(ख) लाग्ने सेवा, शुल्क तथा दस्तुर,

(ग) प्रस्ताव पेस गर्ने तरिका,

(घ) प्रस्ताव पेस गर्ने अन्तिम मिति, समय र स्थान,

(ङ) प्रस्ताव खोल्ने मिति, समय र स्थान,

(च) प्रस्ताव मूल्याङ्कनका आधार,

(छ) प्रस्तावमा निर्णय हुने समय, र

(ज) अन्य आवश्यक विवरण ।

तर, विपद वा आकस्मिक परिस्थिति सृजना भई शीघ्र परियोजना कार्यान्वयन गर्नुपर्ने अवस्थामा सञ्चालक समितिको स्वीकृति लिइ प्रस्ताव आह्वानको म्याद कम गर्न सकिनेछ ।

(२) उपविनियम (१) बमोजिम प्रस्ताव आह्वान गर्नु पूर्व प्रस्ताव आह्वान सम्बन्धी कागजात तयार गरी महाप्रबन्धक वा निजले तोकेको अधिकृतले हस्ताक्षर गरी प्रमाणित गर्नु पर्नेछ ।

१४. प्रस्ताव पेस गर्ने: (१) यस विनियम बमोजिम लगानी गर्न इच्छुक लगानीकर्ताले प्रस्ताव सम्बन्धी कागजात प्राप्त गरी सोमा उल्लिखित विवरण तथा देहायका कुरा समेत खुलाई प्राविधिक र आर्थिक प्रस्ताव छुट्टाछुट्टै सिलबन्दी गरी पेस गर्नु पर्नेछः-

(क) परियोजनाको अनुमानित लागत,

(ख) परियोजनाको वित्तीय स्रोत,

(ग) परियोजना कार्यान्वयनको व्यावसायिक योजना, र

(घ) परियोजना सञ्चालनसँग सम्बन्धित शुल्क र अन्य आवश्यक विवरण ।

(२) उपविनियम (१) बमोजिम प्रस्ताव सम्बन्धी कागजात पेस गर्दा प्रस्ताव सम्बन्धी कागजात खरिद बापतको शुल्क दाखिला गरेको निस्सा समेत पेस गर्नु पर्नेछ ।

(३) उपविनियम (१) बमोजिम पेस हुन आएका प्रस्ताव कम्पनीले छुट्टै दर्ता किताबमा दर्ता गरी सुरक्षित राख्नु पर्नेछ ।

१५. प्रस्ताव मूल्याङ्कन समिति: (१) यस विनियमावली बमोजिम कम्पनीमा प्राप्त भएका प्रस्तावको मूल्याङ्कन गरी सिफारिस गर्न देहाय बमोजिमको मूल्याङ्कन समिति रहनेछः-

(क) कम्पनीको प्रशासन महाशाखा प्रमुख - संयोजक

(ख) महाप्रबन्धकले तोकेको परियोजनासँग सम्बन्धित विशेषज्ञ - सदस्य

(ग) कम्पनीको आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य

(घ) कम्पनीको कानून अधिकृत वा कानून शाखाको प्रतिनिधि - सदस्य

(ङ) कम्पनीको खरिद इकाई प्रमुख - सदस्य सचिव

(२) मूल्याङ्कन समितिले आफ्नो बैठकमा अन्य विषय विज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

(३) बैठक सम्बन्धी अन्य कार्यविधि मूल्याङ्कन समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

१६. <u>प्रस्ताव खोल्ने:</u> विनियम १४ बमोजिम पेस भई दर्ता भएका प्रस्ताव मूल्याङ्कन समितिले सम्बन्धित प्रस्तावक वा निजको प्रतिनिधिको रोहबरमा प्रस्ताव आह्वान सम्बन्धी सूचनामा तोकिएको मिति, समय र स्थानमा मुचुल्का गरी खोल्नु पर्नेछ ।

तर सम्बन्धित प्रस्तावक वा निजको प्रतिनिधि प्रस्ताव आह्वान सम्बन्धी सूचनामा तोकिएको मिति, समय र स्थानमा उपस्थित नभएमा सोही व्यहोरा जनाइ प्रस्ताव खोल्न बाधा पर्ने छैन ।

१७. <u>प्रस्तावको मूल्याङ्कन:</u> (१) प्रस्ताव मूल्याङ्कन प्रयोजनको लागि एक सय अङ्कमा नबढ्ने गरी देहाय बमोजिम अङ्कभार विभाजन गरी अङ्क दिइनेछ:-

(क) प्राविधिक प्रस्ताव बापत सत्तरी अङ्क,

(ख) आर्थिक प्रस्ताव बापत तिस अङ्क ।

(२) मूल्याङ्कन समितिले प्रस्ताव मूल्याङ्कन गर्दा आर्थिक प्रस्तावको मूल्याङ्कनभन्दा पहिले प्राविधिक प्रस्तावको मूल्याङ्कन गर्नु पर्नेछ ।

(३) प्राविधिक प्रस्तावको मूल्याङ्कन गर्दा देहायका आधारमा गर्नु पर्नेछ:-

(क) तोकिएको समयमा परियोजना सुचारू गर्ने आधार सहितको प्राविधिक प्रस्ताव,

(ख) कम्पनीलाई बुझाउनुपर्ने रोयल्टी रकम भए प्रस्तावित रोयल्टी रकम,

(ग) परियोजना कार्यान्वयन गर्दा सेवाग्राहीसँग लिने महसुल लगायतका प्रस्ताव,

(घ) प्रस्तावकको प्राविधिक क्षमता तथा अनुभव,

(ङ) प्रस्तावित जनशक्तिको कार्यक्षमता तथा अनुभव,

(च) प्रस्तावकको आर्थिक क्षमता,

(छ) परियोजनाको आधारभूत इन्जिनीयरिङ्ग डिजाइन, र

(ज) परियोजनालाई बढी सम्भाव्य बनाउन पेस गरिएका अन्य आवश्यक विवरण ।

(४) प्राविधिक प्रस्ताव छनौट हुन कम्तीमा साठी प्रतिशत अङ्क प्राप्त गर्नु पर्नेछ ।

(५) मूल्याङ्कन समितिले मूल्याङ्कन कार्य सुरु गरेको मितिले तिस दिनभित्र प्राविधिक प्रस्ताव छनौट सम्बन्धी प्रतिवेदन तयार गरी महाप्रबन्धक समक्ष पेस गर्नु पर्नेछ ।

(६) उपविनियम (५) बमोजिम पेस भएको प्रतिवेदन समेतको आधारमा महाप्रबन्धकले प्राविधिक प्रस्ताव छनौट तथा स्वीकृत गर्नेछ ।

(७) उपविनियम (६) बमोजिम प्राविधिक प्रस्ताव छनौट गरिएका प्रस्तावकलाई कम्पनीले सात दिनभित्र आर्थिक प्रस्ताव खोल्ने मिति, समय र स्थान सहितको सूचना पठाउनु पर्नेछ।

(८) उपविनियम (७) बमोजिम तोकिएको मिति, समय र स्थानमा मूल्याङ्कन समितिले आर्थिक प्रस्तावको मूल्याङ्कन गर्नेछ ।

(९) आर्थिक प्रस्तावको मूल्याङ्कन गर्दा देहायका आधारमा गर्नु पर्नेछः-

(क) परियोजनाको लगानी साझेदारी सम्बन्धी प्रस्ताव,

(ख) परियोजना कार्यान्वयन गर्ने सन्दर्भमा सेवाग्राहीसँग लिने शुल्क सम्बन्धी प्रस्ताव,

(ग) आम्दानी, खर्च र मुनाफा बाँडफाड तथा भुक्तानीको समय र तरिका सम्बन्धी प्रस्ताव, र

(घ) अन्य आवश्यक विवरण ।

१८. <u>प्रस्ताव छनौटः</u> (१) प्राविधिक तथा आर्थिक प्रस्ताव मूल्याङ्कनको आधारमा मूल्याङ्कन समितिले सबैभन्दा बढी अङ्क प्राप्त गर्ने प्रस्तावक सहित प्रत्येक प्रस्तावकले प्राप्त गरेको अङ्कको विवरण महाप्रबन्धक समक्ष पेस गर्नु पर्नेछ।

(२) उपविनियम (१) बमोजिमको विवरणको आधारमा सबैभन्दा बढी अङ्क प्राप्त गर्ने प्रस्तावकलाई महाप्रबन्धकले छनौट गर्नु पर्नेछ।

(३) उपविनियम (२) बमोजिम छनौट भएको प्रस्तावकलाई कम्पनीले सात दिनभित्र सम्झौता गर्न सूचना प्रकाशित गर्नु पर्नेछ।

१९. <u>प्रस्ताव फिर्ताः</u> (१) कुनै कारणवश प्रस्ताव आह्वान सम्बन्धी सूचना रद्द भएमा पेस हुन आएका प्रस्ताव फिर्ता माग गर्ने प्रस्तावकलाई फिर्ता दिनु पर्नेछ ।

(२) उपविनियम (१) बमोजिमको निवेदन प्राप्त नभएमा कम्पनीले सोही व्यहोरा जनाई त्यस्तो प्रस्ताव नखोली राख्नु पर्नेछ ।

## परिच्छेद-६

### सम्झौता र कार्यान्वयन

२०. **सम्झौता गर्नु पर्ने:** (१) छनौट भएका प्रस्तावकसँग सम्झौताका शर्त लगायतका विषयमा वार्ता गरी सम्झौताको अन्तिम मस्यौदा तयार गर्न महाप्रबन्धकले एक समिति गठन गर्नेछ ।

(२) उपविनियम (१) बमोजिम गठित समितिले सम्झौताको अन्तिम मस्यौदा तयार गर्नेछ ।

(३) उपविनियम (२) बमोजिम सम्झौताको लागि तयार भएको अन्तिम मस्यौदा महाप्रबन्धकले स्वीकृति गरी प्रस्तावकसँग सम्झौता गर्नु पर्नेछ ।

२१. **सम्झौता कार्यान्वयन सम्बन्धी व्यवस्था:** (१) सम्झौता गर्नु अघि लगानीकर्ताले कार्यसम्पादन वापत परियोजनाको कुल लागत अनुमानको दुई प्रतिशत नगद धरौटी वा सो बराबरको बैङ्क जमानत पेस गर्नु पर्नेछ ।

(२) सम्झौतामा उल्लिखित शर्त बमोजिमका जिम्मेवारी र दायित्व कम्पनी तथा लगानीकर्ता दुवैले वहन गर्नु पर्नेछ ।

२२. **सम्झौता रद्द गर्न सक्ने:** (१) लगानीकर्ताले सम्झौतामा उल्लिखित शर्तहरूको पालना नगरेमा वा तोकिएको समयमा कार्यसम्पादन नगरेमा त्यस्तो सम्झौता कम्पनीले खारेज गर्न सक्नेछ ।

(२) उपविनियम (१) बमोजिम सम्झौता खारेज भएमा सम्झौतामा उल्लिखित अवस्थामा बाहेक कम्पनीसँग कुनै किसिमको हानि नोक्सानि वा क्षतिपूर्ति दाबी गर्न पाउने छैन ।

(३) लगानीकर्तासँग भएको सम्झौता खारेज गर्दा कम्पनीले उचित सुनुवाईको मौका दिनु पर्नेछ।

(४) उपविनियम (१) बमोजिम सम्झौता खारेज गर्ने निर्णयका विरूद्ध कानून बमोजिम पुनरावेदन गर्न सकिनेछ ।

२३. **कार्यसम्पादन धरौटी वा जमानत जफत हुने:** लगानीकर्ताले मनासिब कारणबिना सम्झौतामा उल्लिखित अवधिभित्र परियोजनाको निर्माण सम्पन्न नगरेमा वा सम्झौतामा उल्लिखित शर्त उल्लङ्घन गरेमा कार्यसम्पादन बापत राखेको नगद धरौटी वा बैंक जमानत रकम जफत हुनेछ ।

२४. **अनुगमन तथा मूल्याङ्कन:** (१) यस विनियम बमोजिम परियोजनाको अनुगमन र मूल्याङ्कन कम्पनी वा कम्पनीले तोकेको प्रतिनिधिले गर्नेछ।

(२) उपविनियम (१) बमोजिम परियोजनाको अनुगमन, मूल्याङ्कन गर्दा कार्यतालिका अनुसार परियोजना कार्यान्वयन भई सूचक वा उपलब्धि हासिल भए वा नभएको तथा सम्झौताका शर्त पालना भए वा नभएको विषय हेर्नु पर्नेछ ।

## परिच्छेद - ७
## विविध

२५. सन्धि वा सम्झौता बमोजिम हुने: विदेशी राज्यस्थित संघ संस्था वा निजी क्षेत्रसँग साझेदारीमा परियोजना सञ्चालन गर्दा नेपाल सरकार पक्ष हुने सन्धि वा सम्झौता वा कम्पनी पक्ष हुने सम्झौता बमोजिम गर्नु पर्नेछ।

२६. विवाद समाधान: (१) लगानीकर्ताहरू बीच कुनै विवाद उत्पन्न भएमा आपसी छलफल वा वार्ताबाट त्यस्तो विवादको समाधान गर्नु पर्नेछ ।

(२) उपविनियम (१) बमोजिम उत्पन्न विवादको समाधान हुन नसकेमा कम्पनीको मध्यस्थतामा विवादको समाधान गरिनेछ ।

२७. बाधा अड्काउ फुकाउने: यस विनियमावलीको कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ आइपरेमा समितिले त्यस्तो बाधा अड्काउ फुकाउन आवश्यक निर्णय गर्न सक्नेछ ।

## अनुसूची -१

### (विनियम ९ सँग सम्बन्धित)

### आशयपत्र आह्वान सम्बन्धी सूचना

परियोजना सङ्केत नं.: ................

लगानी साझेदारीमा निर्माण/सञ्चालन/व्यवस्थापन हुने .................................... परियोजना सम्बन्धमा नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेडको लगानी साझेदारी विनियमावली, २०८१ को विनियम ९ बमोजिम .... दिनभित्र आशयपत्र पेस गर्न आह्वान गरिएको छ । यस सम्बन्धी विस्तृत विवरण कम्पनीको वेभसाइटमा प्रकाशित गरिएको छ ।

## अनुसूची -२

(विनियम ११(३) सँग सम्बन्धित)

### आशयपत्र मूल्याङ्कन तथा छनौटका आधारहरु

क) प्राविधिक क्षमता मूल्याङ्कनः

- **परियोजना कार्यान्वयनका लागि आवश्यक प्राविधिक जनशक्ति र उपकरणः**
    - प्राविधिक जनशक्ति (जस्तै इन्जिनियर, प्रोजेक्ट म्यानेजर, डिजाईनर आदि) र प्रयोग गर्न सकिने उपकरणहरू
    - परियोजनाका लागि आवश्यक उपकरण र स्रोतहरूको उपलब्धता र गुणस्तर
- **अनुभव र कार्यक्षमताका आधारमा मूल्याङ्कनः**
    - परियोजनाहरूको अनुभव र कामको गुणस्तर र सफलता मूल्याङ्कन
- **परियोजनासँग सम्बन्धित विशिष्ट जनशक्ति र मानव संसाधनः**
    - परियोजना सम्बन्धी विशिष्ट जनशक्ति (जस्तै विशेषज्ञ, प्रशिक्षक) र उपकरण/संसाधनको दक्षता र उपलब्धता

ख) आर्थिक क्षमता मूल्याङ्कनः

- **परियोजनाको सम्भाव्यता अध्ययनः**
    - परियोजनाको आर्थिक सम्भाव्यता (जस्तै लाभ-हानि, बजेटको उपयोगिता) अध्ययन गरी फर्मको वित्तीय क्षमता र आर्थिक रूपमा सफल हुने सम्भावनाहरू
- **वित्तीय स्रोत र बजेट योजनाः**
    - परियोजनाको लागि प्रस्ताव गरेको वित्तीय स्रोतहरू र बजेट योजना र यसको प्रभावकारीता
- **आर्थिक दायित्व र प्राविधिक मूल्याङ्कनः**
    - आर्थिक जिम्मेवारी र प्राविधिक दायित्वहरू
- **परियोजना कार्यान्वयनमा दक्षताः**
    - कार्यान्वयन प्रक्रियामा दक्षताः यसले परियोजना निर्धारित समयमा र गुणस्तरमा सम्पन्न गर्न सक्ने क्षमता

**ग) व्यवस्थापनको निर्णयानुसार अन्य आवश्यक विषयः**